# प्रेस रिलिज

## मेगा बैंकलाई दोहा बैंकको २ अर्ब रुपैंया

काठमाडौं, ४ फागुन । मेगा बैंक नेपाल लिमिटेडले दोहा बैंकबाट २ अर्ब रुपैंया भन्दा बढी व्यवसायिक ऋण नेपाल भित्राउने भएको छ ।

मेगा बैंक नेपाल लिमिटेडले कतारको दोहा बैंकबाट २ करोड अमेरिकी डलर (करिब २ अर्ब २५ करोड रुपैंया) भित्राउन लागेको हो । मेगा बैंककी सिइओ अनुपमा खुञ्जेली र दोहा बैंकका नेपालस्थित कार्यालयका प्रमुख सुरजविक्रम शाहीबीच फाल्गुण २ गते सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लगत्तै मेगा बैंकले यो रकम नेपालमा भित्राउनेछ । कुल प्राथमिक पूँजीको शतप्रतिशत रकम विदेशबाट व्यवसायिक ऋण ल्याएर नेपालमा लगानी गर्न पाइने नेपाल राष्ट्र बैंकको व्यवस्था अन्तर्गत मेगा बैंकले दोहा बैंकबाट रकम ल्याउने प्रक्रिया थालेको हो ।

नेपालको बैंकिङ प्रणालीमा देखिएको लगानीयोग्य पुँजी अभावको समस्यालाई समेत मध्यनजर राख्दै दोहा बैंकबाट नेपालमै पहिलो पटक रकम भित्राउन लागेको मेगा बैंकले जनाएको छ ।